नेपाल सरकार

# शिक्षक सेवा आयोग

## अध्यापन अनुमतिपत्र परीक्षा-२०८२

तह : माध्यमिक | सेट : D

पूर्णाङ्क : १०० | समय : १ घण्टा

उत्तीर्णाङ्क : ५०

### वस्तुगत प्रश्नपत्र

*उम्मेदवारले यस प्रश्नपत्रको दायाँतर्फ दिइएको सेट (A, B, C वा D) लाई वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिका (OMR Sheet) को निर्दिष्ट स्थानमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । सो उल्लेख नगरेमा वा सो बाहेकका अन्य सङ्केत लेखेमा उत्तरपुस्तिका रद्द हुनेछ। साथै, सही उत्तरलाई वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिकाको निर्दिष्ट कोठा (A, B, C वा D मध्ये कुनै एक) मा कालो मसीले भर्नु पर्नेछ।*

१. "अतिरिक्त/वैकल्पिक शिक्षण स्रोत" को समुचित व्याख्या तलकामध्ये कुन हो ?
A. शिक्षकले कक्षामा प्रयोग गर्ने अनिवार्य पाठ्यपुस्तक,
B. मुख्य शिक्षण सामग्री बाहेक सिकाइलाई सहयोग पुऱ्याउने थप सामग्री वा साधन,
C. विद्यालयले अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने सरकारी पुस्तकहरू,
D. विद्यार्थीले व्यक्तिगत रूपमा प्रयोग गर्ने नोटबुक र अन्य सामग्री ।

२. नेपालको विद्यालय शिक्षामा हाल सञ्चालित कार्यक्रममध्ये कुन कार्यक्रम शिक्षाको गुणस्तरसँग बढी सम्बन्धित छ ?
A. शिक्षक मेन्टरिङ, B. विद्यालय भवन निर्माण C. दिवा खाजा कार्यक्रम D. विपन्न लक्षित छात्रवृत्ति वितरण

३. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका,२०७४ बमोजिम विद्यालय सुधार योजनाको मूल ध्येय के रहेको छ ?
A. विद्यालयको समग्र पक्षको सुधार गर्नु । B. विद्यालयको आर्थिक तथा भौतिक विकास गर्नु ।
C. विद्यालयको शैक्षिक गतिविधिमा सुधार गर्नु । D. विद्यालयको समग्र पक्षको सुधार मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

४. "Operant Conditioning" सिकाइ सिद्धान्तका प्रतिपादक को हुन् ?
A. जिन पियाजे B. बि.एफ. स्किनर C. थर्नडाइक D. बाण्डुरा

५. राष्ट्रिय शिक्षा नीति,२०७६ मा उल्लिखित "योग्यताको समकक्षता,गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु" तलकामध्ये कुन हो ?
A. उद्देश्य B. रणनीति C. लक्ष्य D. कार्यनीति

६. तलकामध्ये कुन वाक्यले द्वन्द्वप्रतिको आधुनिक अवधारणालाई प्रतिबिम्बित गर्दछ ?
A. द्वन्द्वलाई तत्काल दबाउनु राम्रो हो । B. द्वन्द्वलाई कानुनी प्रकियाबाट मात्र निरूपण गर्नु पर्दछ ।
C. द्वन्द्व खराब हो, यसले सधैं विनास निम्त्याउँछ । D. द्वन्द्व स्वाभाविक हो, यसलाई व्यवस्थापन गर्नु पर्दछ ।

७. Vygotsky को रचनात्मक सिकाइ सिद्धान्तमा सम्भाव्य विकासको क्षेत्र (ZPD) को अवधारणाले के बताउँछ ?
A. सिकारूले अरूको सहयोग विना नै सिक्न सक्ने क्षेत्र B. सिकारूले हाल सिकिरहेको क्षेत्र
C. सिकारूले अरूको सहयोगमा सिक्न सक्ने क्षेत्र D. सिकारूले पहिले नै सिकिसकेको क्षेत्र ।

८. शिक्षकको शैक्षिक सुपरीवेक्षण गर्ने पहिलो सुपरीवेक्षक को हो ?
A. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष B. प्रधानाध्यापक
C. स्थानीय तहको शिक्षा अधिकृत D. शिक्षक अभिभावक सङ्घको अध्यक्ष

MIRAS ACADEMY

९. गुणस्तरीय शिक्षा भन्नाले मुख्य गरेर तलकामध्ये कुनलाई बुझाउँछ ?
A. विषयवस्तुको पूर्ण ज्ञान हुनु B. परीक्षामा उच्च अङ्क प्राप्त गर्नु
C. मानवीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु D. आय आर्जन गर्नसक्ने बनाउनु ।

१०. शिक्षकलाई प्रत्येक विद्यार्थीको हरेक विषयमा सिकाइ उपलब्धि थाहा हुने, शिक्षकमा कक्षागत जिम्मेवारी बोध हुने, विषयगत ज्ञान र सिपलाई एकीकृत गरी सिकाउन सकिने, सिकाउने समय तालिकामा लचिलोपन ल्याउन सकिने जस्ता पक्षहरू समेटिने शैक्षणिक व्यवस्था कुन हो ?
A. बहुवर्ग शिक्षण (Multigrade teaching) व्यवस्था B. कक्षा शिक्षण (Grade teaching) व्यवस्था
C. बहुवर्ग बहुस्तर शिक्षण (Multigrade multilevel teaching) व्यवस्था D. विषय शिक्षण (Subject teaching) व्यवस्था

११. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले समेट्ने पाठ्यक्रम विकासका सैद्धान्तिक आधार तलकामध्ये कुन होइन ?
A. पाश्चात्य मूल्य मान्यता एवम् ज्ञानमा आधारित B. खोज तथा अनुसन्धानमा आधारित
C. जीवनोपयोगी तथा कार्यप्रति अभिमुख D. स्थानीय आवश्यकतामा आधारित

१२. शैक्षणिक योजनाको अङ्गमा नपर्ने विषय तलकामध्ये कुनचाहिँ हो ?
A. विशिष्ट उद्देश्य B. विद्यालयको विकास C. शिक्षण सिकाइ रणनीति D. सिकाइको मापन

१३. सिकाइको स्व-नियमनसँग सम्बन्धित मापनको मान्यता कुन हो ?
A. Authentic Assessment B. Assessment of Learning C. Assessment for Learning D. Assessment as Learning

१४. कक्षा कोठाको शिक्षण सिकाइमा अनुसन्धानको उपादेयता के हो ?

A. शिक्षकमा शैक्षिक ज्ञानको सैद्धान्तिक बुझाइ अभिवृद्धि गर्नु ।
B. अनुसन्धानको क्षेत्रमा नयाँ ज्ञान पहिचान गर्नु ।
C. विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सुधार ल्याउनु ।
D. विद्यालयको व्यवस्थापन पक्षलाई सहयोग गर्नु ।

१५. डिजिटल सिकाइ सामग्री छनोटका लागि सर्वोत्तम मापदण्ड-समूह कुन हो ?

A. सामग्रीको फाइल साइज, इन्टरनेटको गति र उपकरणको अनुकूलता,
B. विषयवस्तुको शुद्धता, सामग्रीको रंग र डिजाइन,
C. सामग्रीको मूल्य, बनाउने कम्पनीको नाम र सामग्रीको कुल लम्बाइ,
D. शैक्षिक उद्देश्यसँगको तालमेल, प्राविधिक उपयोगिता र विद्यार्थीको सिकाइ रूचि ।

१६. रूपान्तरणमुखी नेतृत्व (Transformational Leadership) को विशेषता कुन हो ?

A. उत्कृष्ट कार्यका लागि उत्प्रेरणा दिने ।
B. नियम, पुरस्कार र दण्डको व्यवस्था गर्ने ।
C. कठोर नियन्त्रणमा आधारित हुने ।
D. निर्णय गर्दा अरूको विचार पनि समेट्ने ।

१७. शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले शिक्षाको गुणस्तर विकासमा कसरी सहयोग गर्न सक्छ ?

A. विद्यार्थीहरूको व्यक्तिगत रूपमा सिकाइस्तर निर्धारण गरेर,
B. प्रत्येक विद्यालयको सिकाइस्तर निर्धारण गरेर,
C. प्रदेश र स्थानीय तहको सिकाइस्तर निर्धारण गरेर,
D. शिक्षा पद्धतिको लेखाजोखा गरी नीति तथा कार्यक्रमका लागि पृष्ठपोषण दिएर।

१८. शिक्षा नियमावली, २०५९ मा उल्लेख भए अनुसार सामुदायिक विद्यालयको सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य कुन हो ?

A. विद्यालय विकासमा स्रोत पहिचान, सङ्कलन र प्रयोगको मूल्याङ्कन गर्ने,
B. विद्यालय विकासमा गैरसरकारी संस्थाको उपयोगको जाँचबुझ गर्ने,
C. विद्यालयको कामकारवाही कानुन बमोजिम भए नभएको मूल्याङ्कन गर्ने,
D. विद्यालयको आयव्ययको विवरण तोकिएको ढाँचामा राखे नराखेको मूल्याङ्कन गर्ने ।

१९. तलकामध्ये कुन वाक्य समावेशी शिक्षाको मान्यता वा अवधारणा होइन ?

A. यसले सबै बालबालिकाहरूले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्दछ,
B. यसले सबै बालबालिकाहरूले सिक्न सक्दछन् भन्ने स्वीकार गर्दछ,
C. यसले सबै बालबालिकाहरूमा निहित विभिन्नता एवम् विविधतालाई सम्मान गर्दछ,
D. यसले सबै बालबालिकाहरूलाई एकै किसिमको शिक्षा प्रदान गर्दछ ।

२०. तलकामध्ये कुनचाहिँ भनाइले नेपालको संविधानको धारा ३१ मा उल्लेख भए बमोजिम शिक्षासम्बन्धी हकको व्यवस्थालाई सही रूपले प्रतिबिम्बित गर्दछ ?

A. प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुनेछ,
B. प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य तथा उच्च शिक्षासम्म नि:शुल्क हुनेछ,
C. प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुनेछ,
D. प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क एवम् उच्च शिक्षासम्म नि:शुल्क हुनेछ ।

२१. विद्यार्थीको नियमित उपस्थितिको अध्ययनमा अनुसन्धानकर्ताले प्रयोग गर्ने विद्यार्थीको हाजिरी विवरण कस्तो तथ्याङ्क हो ?

A. प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क B. द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क C. बाह्य निकायको तथ्याङ्क D. विद्यालयीय तथ्याङ्क

MIRAS ACADEMY

२२. कक्षा १० मा अध्ययन गर्ने ३० जना विद्यार्थीहरूमध्ये जम्मा १२ जना छात्राहरू छन् भने छात्रहरूको प्रतिशत कति हुन्छ ?

A. ४०% B. ५०% C. ६०% D. ७०%

२३. दिइएको भनाइ (S) र कारण (R) को आधारमा उत्तर दिनुहोस्–

भनाइ (S): निरन्तर र बृहत मूल्याङ्कनले विद्यार्थीको सर्वाङ्गीण विकासलाई जोड दिन्छ ।

कारण (R): विद्यार्थीको सबै पक्षहरूको विकासको लागि निरन्तर र बृहत मूल्याङ्कन प्रक्रियामा निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कनलाई समावेश गरिन्छ ।

A. S र R दुवै ठीक, र S को सही व्याख्या R हो
B. S र R दुवै ठीक, तर S को सही व्याख्या R होइन
C. S ठीक तर R बेठीक
D. S बेठीक तर R ठीक ।

२४. तलकामध्ये कुन कथनले विद्यार्थी केन्द्रित शिक्षण विधिको सारलाई समेट्छ ?

A. शिक्षकको निर्देशनलाई अनुशासित तबरले पालना र ज्ञानलाई कण्ठस्थ गर्न जोड दिने,
B. बालबालिकाको समग्र संज्ञानात्मक, सामाजिक, भावनात्मक र शारीरिक पक्षहरूको विकासमा प्राथमिकता दिने,
C. विद्यार्थीलाई ज्ञानको निष्क्रिय प्रासकर्ताको रूपमा ग्रहण गर्ने,
D. निश्चित ढाँचामा बनेको पाठ्यक्रममा आधारित भई विद्यार्थीलाई अपरिवर्तनीय विषयवस्तु सिकाउने ।

२५. शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी नमूना गुनासो सुनुवाई कार्यविधि,२०७४ अनुसार प्रत्येक विद्यालयमा रहने गुनासो सुनुवाई समितिमा प्रधानाध्यापकको भूमिका कुन रूपमा रहन्छ ?

A. संयोजकको रूपमा B. सदस्य-सचिवको रूपमा C. सह-संयोजकको रूपमा D. सदस्यको रूपमा

३८. तलकामध्ये कुन वाक्य बालमैत्री शिक्षाको अवधारणासँग मिल्दोजुल्दो छ ?

A. समावेशीकरण बालमैत्री शिक्षा पद्धतिको महत्वपूर्ण पक्ष हो,

B. बालमैत्री शिक्षा पद्धति मेधावी बालबालिकाका लागि बढी आवश्यक हुन्छ,

C. बालमैत्री शिक्षा पद्धतिका लागि भौतिक पूर्वाधार सबैभन्दा महत्वपूर्ण पक्ष हो,

D. बालमैत्री विद्यालयमा सामान्य बालबालिकालाई शिक्षा दिइन्छ ।

३९. शिक्षक सक्षमता प्रारूप,२०७२ अनुसार सिकारूको शिक्षण सिकाइमा सहभागिता र शैक्षिक उपलब्धि लगायतका विषयको अभिलेखन तथा सहयोगका लागि अभिभावकसँग छलफल र परामर्श गर्ने विषय देहायको कुन सक्षमता भित्र पर्दछ ?

A. सिकाइ वातावरण तथा कक्षा व्यवस्थापनसम्बन्धी सक्षमता

B. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता

C. शिक्षण सिकाइका तौरतरिका सम्बन्धी सक्षमता

D. सञ्चार तथा सहकार्यसम्बन्धी सक्षमता

४०. तलकामध्ये कुन संयोजनले "शैक्षिक सुशासन" को मूल्य मान्यतालाई सही रूपमा प्रतिविम्बित गर्छ ?

A. अधिकार हस्तान्तरण, दण्ड र निगरानी

B. पारदर्शिता, उत्तरदायित्व, सहभागिता र न्यायोचित निर्णय

C. औपचारिकता, परिपत्र, कार्यसूची र सजगता

D. निरीक्षण, अनुशासन,पुरस्कार एवम् दण्डात्मक कारबाही

४१. शिक्षण पद्धतिमा अनुसन्धानलाई महत्त्वपूर्ण पक्ष मानिन्छ । अनुसन्धानका धेरै प्रकार र स्वरूप हुन्छन् ।ती मध्ये शिक्षण सिकाइ प्रक्रियामा अभिन्न अङ्गको रूपमा तलकामध्ये कुनलाई लिन सकिन्छ ?

A. आधारभूत अनुसन्धान

B. मूल्याङ्कन अध्ययन

C. सर्वेक्षण अनुसन्धान

D. कार्यमूलक अनुसन्धान

४२. तल दिइएको अङ्क श्रृङ्खलामा छुटेका दुई सङ्ख्या पत्ता लगाउनुहोस् ।

२, ५, ११, २३, ..., ...

A. ४७, ९४

B. ४७, ९५

C. ४५, ९५

D. ४८, ९६

४३. परीक्षणमा 'विश्वसनीयता' तलकामध्ये कुन विषयसँग सम्बन्धित रहन्छ ?

A. परीक्षणमा समावेश हुने विषय क्षेत्र

B. परीक्षणमा हुने भेदभावरहितता

C. परीक्षण नतिजाको स्थिरता

D. परीक्षण सञ्चालनको सम्भाव्यता ।

४४. समूहगत सिकाइ कार्यान्वयनको आरम्भमा कुन कार्य आवश्यक हुन्छ ?

A. समूह आकार, भूमिका, अपेक्षा र नियम व्याख्या गर्ने ।

B. पाठयोजना, सामग्री र कार्यविधिको व्याख्या गर्ने ।

C. सबैलाई स्वतन्त्र रूपमा समूहमा काम गर्न दिने ।

D. समूहले जे जसरी कार्य गरे पनि स्वतःस्फूर्त हुन दिने ।

४५. मिश्रित सिकाइ (Blended learning) को यथार्थपरक परिभाषा कुन हो ?

A. अनलाइन माध्यमबाट गरिने मिश्रित शिक्षण-सिकाइ प्रक्रिया र क्रियाकलाप

B. शिक्षक विना नै विद्यार्थीहरूले आत्मनिर्भर भएर गरिने मिश्रित सिकाइ

C. उपस्थितिमूलक कक्षा र अनलाइन शिक्षणलाई मिश्रण गरेर सिकाइलाई प्रभावकारी बनाउने प्रक्रिया

D. उपस्थितिमूलक कक्षामा गरिने शिक्षण-सिकाइ क्रियाकलापको संयोजन ।

४६. नेपालको विद्यमान पाठ्यक्रमले विद्यार्थीलाई व्यवहारकुशल सिपहरू (Soft Skill) सिक्ने अवसर दिनुपर्ने कुरा उल्लेख गरेको छ। विद्यालयमा यस्ता सिपहरूको सिकाइ कसरी गर्नुपर्ला ?

A. व्यवहारकुशल सिपका लागि अलग्गै विषय समावेश गरेर,

B. प्रत्येक विषयमा व्यवहारकुशल सिपसम्बन्धी छुट्टै विषयवस्तु समावेश गरेर,

C. विषयवस्तु सिकाइका क्रियाकलापसँग व्यवहारकुशल सिप एकीकृत गरेर,

D. अतिरिक्त क्रियाकलापमा समावेश गरेर ।

MIRAS ACADEMY

४७. सहयोगात्मक सिकाइको महत्त्वपूर्ण विशेषता कुन हो ?

A. सामुहिक सिकाइ

B. सूचनाको विश्लेषण र मूल्याङ्कन

C. पक्ष विपक्षका प्रमाणहरूको खोजी

D. गहन खोजी गर्ने प्रश्नको प्रयोग

४८. पाठ्यक्रम विकासको सन्दर्भमा बृहत, एकीकृत र सान्दर्भिक ज्ञान (Broad, integrated, and relevant knowledge) प्रदान गर्नको लागि सबैभन्दा महत्वपूर्ण सिद्धान्त कुन हो ?

A. बाल केन्द्रित सिद्धान्त

B. उपयोगिताको सिद्धान्त

C. समन्वयको सिद्धान्त

D. लचकताको सिद्धान्त

४९. रूब्रिक (Rubric) को सर्वोत्तम व्याख्या कुन हो ?

A. मूल्याङ्कनको निश्चित मापदण्ड र कार्यसम्पादन स्तर निर्धारणको साधन,

B. विद्यार्थीले गर्नुपर्ने सबै क्रियाकलापहरूको सूची र विवरण राख्ने अभिलेख,

C. परिक्षाका लागि तयार पारिएको प्रश्नहरूको सूची र उत्तरकुञ्जिका,

D. विद्यार्थीको प्राप्ताङ्क विवरण राख्ने अभिलेख र वैकल्पिक परीक्षणका उपाय ।

५०. एउटा विद्यालयले शिक्षक र विद्यार्थीको अन्तरक्रिया, गृहकार्यको अभिलेख लगायत सिकाइका विषयवस्तुलाई व्यवस्थित गर्न तलकामध्ये कुन सफ्टवेयरको प्रयोग गर्नु सबैभन्दा उपयुक्त हुन्छ ?

A. शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS)

B. सिकाइ व्यवस्थापन प्रणाली (LMS)

C. पुस्तकालय व्यवस्थापन प्रणाली (LMIS)

D. परीक्षा व्यवस्थापन प्रणाली (EMS)

****

२६. इन्चोन घोषणापत्र (Incheon Declaration), २०१५ मा सहभागी राष्ट्रहरूले शिक्षा क्षेत्रमा सार्वजनिक खर्च कति प्रतिशतसम्म बढाउन प्रतिबद्धता जनाएका छन् ?

A. कुल गार्हस्थ उत्पादन (GDP) को २ देखि ३ प्रतिशत वा सरकारी बजेटको १० देखि १२ प्रतिशत,

B. कुल गार्हस्थ उत्पादन (GDP) को ३ देखि ४ प्रतिशत वा सरकारी बजेटको १० देखि १२ प्रतिशत,

C. कुल गार्हस्थ उत्पादन (GDP) को ३ देखि ५ प्रतिशत वा सरकारी बजेटको १२ देखि १५ प्रतिशत,

D. कुल गार्हस्थ उत्पादन (GDP) को ४ देखि ६ प्रतिशत वा सरकारी बजेटको १५ देखि २० प्रतिशत ।

२७. शिक्षाले विद्यार्थीलाई सामाजिकीकरणका लागि सघाउनु पर्छ भनिन्छ। यहाँ सामाजिकीकरणले तलकामध्ये मुख्यत: कुन कुरालाई इङ्गित गर्दछ ?

A. सामाजिक मान्यता र मूल्यलाई सधैं स्वीकार्नु

B. सामाजिक वातावरणमा समायोजन हुनु र आत्मसात् गर्नु

C. अघिल्ला पुस्ताका विचारलाई सम्मान गर्नु

D. नयाँ सामाजिक मूल्य र मान्यताको विकास गर्नु ।

२८. शिक्षकको पेसागत विकासका लागि नेपालमा पछिल्लो समय शुरू गरिएको शिक्षक मेन्टरिङसम्बन्धी व्यवस्था तलकामध्ये कुनचाहिँ हो ?

A. प्राज्ञिक मेन्टर, फिल्ड मेन्टर र शिक्षक मेन्टर क्रमश: संघ, प्रदेश र स्थानीय तहबाट छनौट हुने,

B. प्राज्ञिक मेन्टर र फिल्ड मेन्टर प्रदेश तह र शिक्षक मेन्टर स्थानीय तहबाट छनौट हुने,

C. फिल्ड मेन्टर, प्राज्ञिक मेन्टर र शिक्षक मेन्टर क्रमश: संघ, प्रदेश र स्थानीय तहबाट छनौट हुने,

D. प्राज्ञिक मेन्टर, फिल्ड मेन्टर र शिक्षक मेन्टर सबै स्थानीय तहबाट छनौट हुने।

२९. शिक्षकहरूले आफ्नो नेतृत्व क्षमता विकास गर्नका लागि सबैभन्दा प्रभावकारी तरिका कुन हो ?

A. प्रधानाध्यापकको निर्देशनलाई पर्खने, पालना गर्ने र उस्तै हुन वा गर्न प्रयास गर्ने,

B. शिक्षकहरूकै पेसागत समूहमा सामेल हुने वा शिक्षणबाट बाहिरिएर पूर्णरूपमा व्यवस्थापकीय पदमा जाने,

C. सहकर्मीहरूसँग सहकार्य गर्ने, शिक्षणका चुनौतीहरूमाथि छलफल गर्ने र नयाँ अभ्यासहरूमा उदाहरणीय कार्य गरेर देखाउने,

D. विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा भाग लिने र विद्यार्थीहरूमाझ अगुवा बन्ने ।

३०. प्रधानाध्यापकले विद्यालयमा "सहभागितामूलक योजना (Participatory Planning)" को पक्षलाई सम्बोधन गरेका छन् भन्ने कुरालाई कुन कथनले सही प्रतिनिधित्व गर्दछ ?

A. सबै शिक्षकलाई आ-आफ्नो योजना बनाउन लगाउने र एकीकृत योजना बनाउने,

B. विद्यालयको वार्षिक योजना बनाउँदा शिक्षक र कर्मचारीहरू बिचमा व्यापक छलफल गरी बनाउने,

C. विद्यार्थी र शिक्षकको सहभागितामा योजना बनाउने,

D. विद्यालयका सबै सरोकारवालाहरूको सहभागितामा छलफल गरी योजना बनाउने ।

३१. पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा सिकाइको लागि मूल्याङ्कन (Assessment for Learning) को प्राथमिक लक्ष्य कुन हो ?

A. शिक्षण र सिकाइमा निरन्तर सुधार गर्ने ।

B. विद्यार्थीको ज्ञान पहिचान र प्रमाणित गर्ने ।

C. विद्यार्थीहरूको सिकाइ तुलना गर्ने ।

D. सिकाइलाई ग्रेड प्रदान गर्ने ।

३२. परियोजना कार्य (Project Work) मा आधारित सिकाइको सबैभन्दा महत्वपूर्ण फाइदा कुन हो ?

A. यसले शिक्षकलाई कम काम र विद्यार्थीलाई धेरै मेहनत गर्नुपर्ने बनाउँछ,

B. यसले परीक्षामा धेरै अङ्क ल्याउन र सबै विद्यार्थी उत्तीर्ण गर्न मद्दत गर्छ,

C. यसले विद्यार्थीको घोक्ने बानीको विकास गर्न सहयोग गर्छ,

D. यसले विद्यार्थीमा विश्लेषणात्मक क्षमता र समस्या समाधान सिपको विकास गर्छ ।

३३. दिइएको भिन्नहरूको घट्दो क्रम कुन ठीक छ ?

$\frac{५}{६}$, $\frac{७}{८}$, $\frac{३}{४}$, $\frac{४}{५}$

MIRAS ACADEMY

A. $\frac{७}{८}$, $\frac{५}{६}$, $\frac{४}{५}$, $\frac{३}{४}$ B. $\frac{७}{८}$, $\frac{४}{५}$, $\frac{५}{६}$, $\frac{३}{४}$ C. $\frac{३}{४}$, $\frac{४}{५}$, $\frac{५}{६}$, $\frac{७}{८}$ D. $\frac{४}{५}$, $\frac{७}{८}$, $\frac{५}{६}$, $\frac{३}{४}$

३४. विद्यालय शिक्षामा प्रयोग भइरहेको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा तल दिइएकामध्ये कुन विवरण कम मात्रामा समावेश गरिएको छ ?

A. अपाङ्गताको विवरण B. सिकाइ उपलब्धिको विवरण C. विद्यार्थीको पारिवारिक बिवरण D. विद्यालयको भौतिक विवरण

३५. विशिष्टीकृत तालिका प्रयोग भएको छ भन्ने कुरा तलको कुन कथनले उपयुक्त रूपमा दर्शाउँछ ?

A. विद्यार्थीलाई सधैंभरि पढाउने सबै विषयवस्तुका बारेमा गृहकार्य दिनु,

B. सबै विषयवस्तु पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नु,

C. पाठ्यपुस्तकमा दिइएका सबैजसो प्रश्नहरू सम्भव भएसम्म परीक्षामा सोध्नु,

D. पाठ्यक्रमका सबै विषय क्षेत्र र तोकिएका संज्ञानात्मक तहलाई सम्बोधन गर्नेगरी विद्यार्थी मूल्याङ्कनको प्रश्नावली निर्माण गर्नु ।

३६. प्राचीन कालमा नेपालले भोट पठाएका शील वर्मा कुन विहारका विद्वान थिए ?

A. मणिचैत्य विहार B. भृङ्गी विहार C. खर्जुरिका विहार D. गुम विहार

३७. सामाजिक निर्माणवाद अनुसार सिकाइ प्रभावकारी बनाउन तलकामध्ये सबैभन्दा महत्त्वपूर्ण तत्त्व कुन हो ?

A. शिक्षकको मेहनत B. सामाजिक संवाद र अन्तर्क्रिया C. उचित पुरस्कार र दण्ड D. पाठ्यपुस्तकको गुणस्तर